नेपाल सरकार
संघीय मामिला तथा तथा सामान्य प्रशासन मन्त्रालय
संघीय मामिला शाखा
सिंहदरबार, काठमाण्डौ ।

प.सं.२०७८/७९
च.नं. ८९

मिति: २०७८/११/१०

श्री स्थानीय तहहरु, सबै ।

**विषयः मतदाता नामावली अद्यावधिक कार्यक्रम सम्बन्धमा ।**

निर्वाचन आयोग, नेपालको प.सं.च.नं. २०७८/०७९/१२१ मिति २०७८/११/०८ को पत्रबाट स्थानीय तह निर्वाचन, २०७९ का लागि मिति २०७८/११/१९ देखि २०७८/११/२६ सम्म सञ्चालन हुने मतदाता नामावली अद्यावधिक कार्यक्रमसंग सम्वन्धित संलग्न पत्र सबै स्थानीय तहमा पठाइदिन लेखी आएकोले उक्त पत्र आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

शाखा अधिकृत

**वोधार्थ**

श्री निर्वाचन आयोग नेपाल, कान्तिपथ काठमाण्डौं ।

श्री सूचना तथा प्रविधि शाखा, पत्र तथा पत्र साथ संलग्न निर्वाचन आयोगको पत्र सबै स्थानीय तहहरुलाई ईमेल मार्फत उपलव्ध गराईदिनुहुन तथा मन्त्रालयको वेब साइटमा समेत राखिदिनुहुन।

फोन:४२००२८६, फयाक्स नं. : ४२००१०८/०९/११०, वेबसाइट : www.mofaga.gov.np

Scanned with CamScanner

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref: २०७८/०६४/१२०

मिति :- २०७८/११/०८

श्री स्थानीय तहहरू (७५३ सबै) ।

विषय : मतदाता नामावली अद्यावधिक कार्यक्रम सम्बन्धमा ।

संवत् २०७९ बैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि आयोगले मतदाता नामावली अद्यावधिक गरी अन्तिम मतदाता नामावली तयारी गर्ने कार्य प्रारम्भ गरेको छ । सो प्रयोजनका लागि संवत् २०७८ माघ २४ गतेसम्म मतदाता नामावलीको लागि नाम सङ्कलन भई संवत् २०७९ बैशाख २९ गतेसम्म अठार वर्ष उमेर पुगेका व्यक्तिहरूको मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम, २०७८ देहायका क्रियाकलापहरूसहित मिति २०७८/११/१९ देखि मिति २०७८/११/२६ सम्म निर्वाचन कार्यालयहरूमा सञ्चालन हुँदैछ ।

**मतदाता नामावली अद्यावधिक कार्यक्रममा सञ्चालन हुने क्रियाकलापहरू**

१. मतदाता नामावली प्रकाशन गर्ने,
२. कुनै मतदाताको नाम वा विवरणमा कुनै त्रुटी भएमा सच्याउनको लागि निवेदन दिने,
३. कसैले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए प्रमाण सहित उजुरी दिने,
४. दोहोरो नाम हटाउन निवेदन दिने,
५. दोहोरो नाम हटाउने,
६. मृत्यु भएको वा नागरिकता त्याग गरेको वा नागरिकता रद्द भएको व्यक्तिको नाम मतदाता नामावलीबाट हटाउने ।

उक्त कार्यक्रम सञ्चालनका सम्बन्धमा तहाँबाट देहाय बमोजिम सहयोग हुन अनुरोध गर्दछु ।

**स्थानीय तहबाट सहयोग हुनु पर्ने विषय**

१. निर्वाचन कार्यालयले उपलब्ध गराएको मतदाता नामावली तोकिएको मितिमा वडा कार्यालयमा टाँस गर्ने व्यवस्था हुन,


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

Scanned with CamScanner

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

२. मतदाता नामावलीमा नाम भएका व्यक्तिमध्ये तहाँ स्थानीय तहबाट बसाई सरी वा विवाह भै अन्यत्र गएका वा मृत्यु भएका व्यक्तिहरुको विवरण निर्वाचन कार्यालयले माग गरेका वखत उपलब्ध गराइदिनुहुन,

३. मतदाता नामावली अद्यावधिक कार्यक्रम अनुसार कुनै व्यक्तिले केही निवेदन दिनु पर्ने भएमा निर्वाचन कार्यालयमा निवेदन दिन सूचित गर्ने व्यवस्था हुन ।

(गोकर्णमणि दुवाडी)
सचिव

<u>बोधार्थ</u>
श्री निर्वाचन कार्यालय (सबै)

"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्रको गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३। फ्याक्सः (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

Scanned with CamScanner